२०७४ साल चैत १२ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. नेपालको संविधानको धारा ९५ को उपधारा (२) बमोजिम संवत् २०७४ साल चैत १५ गते बिहीबारका दिन १६.०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुन सम्माननीय राष्ट्रपतिज्यूलाई अनुरोध गर्ने ।

२. विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सम्माननीय प्रधानमन्त्रीज्यूको जनसम्पर्क सल्लाहकारमा श्री अच्युत प्रसाद मैनाली, बारा र प्रेस सल्लाहकारमा डा. कुन्दन अर्याल, सप्तरी (हाल काठमाडौं) लाई नियुक्त गर्ने ।

३. अर्थ मन्त्रालय—

क) आ-आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर वहाल आयमा लाग्ने घर वहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रहि सम्बन्धित स्थानीय तहहरूले संकलन गर्ने र आन्तरिक राजस्व कार्यालयहरुले भाडा वापतको आयमा आयकर संकलन नगर्ने ।

ख) स्थानीय तहलाई घर वहाल कर तिरेका प्राकृतिक व्यक्तिहरूले आर्जन गरेको घर वहाल आयमा संघीय सरकारलाई तिर्न बुझाउन पर्ने चालु आर्थिक वर्षको आयकर आर्थिक ऐन, २०७४ को दफा १९ बमोजिम छुट दिने ।

ग) यस व्यवस्था पछि घर वहाल कर स्थानीय तहले संकलन गर्ने हुँदा गत विगत वर्षको लगतसमेत करदाताको स्थायी ठेगाना रहेको स्थानीय तहमा आन्तरिक राजस्व कार्यालयले हस्तान्तरण गर्ने ।

घ) घर वहाल कर संकलन गर्ने निकायबाटै त्यस्तो कर तिर्नेको आय प्रमाणित गर्ने ।

४. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय— रानी जमरा कुलरिया सिँचाइ आयोजनाको नहर तथा अन्य संरचनाहरू निर्माणका लागि आवश्यक पर्ने कैलाली जिल्लाको लम्की चुहा नगरपालिका वडा नं४ ., ६ र ८ स्थित करिब ४५ हेक्टर जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने ।

५. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणी पदमा राम काजी थापालाई बढुवा नियुक्ति गर्ने ।

६. खानेपानी मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणी पदमा सूर्यराज कडेललाई नियुक्ति गर्ने ।

७. गृह मन्त्रालय - कपिलवस्तु जिल्ला वाणगंगा न.पा. ४ मा स्थानीय तह निर्वाचनको क्रममा घाइते भएकादेहायका व्यक्तिहरूको लागेको उपचार खर्चका लागि आर्थिक सहायता उपलब्ध गराउने ।

तपसिलः

क्र.सं.	नामथर	ठेगाना	रकम
१.	लाल बहादुर चौधरी	कपिलबस्तु वाणगंगा न.पा. ४	रु. ३९,९४८।-
२.	विजेश चौधरी	कपिलबस्तु वाणगंगा न.पा. ४	रु. ५१,७९१।-
३.	शुशिला गुरुङ खड्का	कपिलबस्तु वाणगंगा न.पा. ४	रु. ३७९०४।-
४.	गोपाल गुरुङ (भुपाल गुरुङ)	कपिलबस्तु वाणगंगा न.पा. ४	रु. ४५९२५।-

५.	विजय चौधरी	कपिलबस्तु वाणगंगा न.पा. ४	रु. ५५,२९६।-
६.	शेषराम गुप्ता	कपिलबस्तु वाणगंगा न.पा. ४	रु. ४३,८५७।-
7.	शुवोधिन मनियार	कपिलबस्तु वाणगंगा न.पा. ४	रु. ७०,९७५।-
8.	कमलेश प्रसाद लोनिहार	कपिलबस्तु वाणगंगा न.पा. ४	रु.२,४५९१०।-

८. गृह मन्त्रालय— स्थानीय निर्वाचनको क्रममा विस्फोटनमा परी सख्त घाइते भएका व्यक्तिहरू तथा बलात्कार भएकी बालिकाकोसमेत देहायका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने ।

देहाय

क्र.सं.	नाम,थर	ठेगाना	रकम	कारण
१	लालबहादुर मुखियाको वर्ष ८ की छोरी	पर्सा, पटेर्वा सुगौली गाउँपालिका-५	५ लाख	नाबालक छोरी बलात्कार भएको
२	सरिता राई	रौतहट, चन्द्रपुर नं. पा वडा नं ५	१५ लाख	स्थानीय निर्वाचनमा बम विस्फोटनमा परी खुट्टा गुमाएको
3	जैविक राई	रौतहट चन्द्रपुर नं. पा वडा नं ५	१० लाख	स्थानीय निर्वाचनमा बम विस्फोटनमा परी खुट्टा गुमाएको
४	मंजु पन्त	पर्वत जिल्ला फलेवास न.पा. वडा नं.७	५ लाख	निर्वाचनको क्रममा विस्फोटनमा परी पुरै मुख जलेकोले उपचार गर्न

९. परराष्ट्र मन्त्रालय— डा. राजन भट्टराईलाई व्यवस्थापिका संसदको सदस्यको पदावधी समाप्त भएको मितिदेखि लागू हुने गरी नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूहका अन्य सदस्यहरूले पाएसरहको सुविधा उपलब्ध गराउने गरी नेपाल-भारत प्रबुद्ध व्यक्तिहरूको समूहको बाँकी कार्य सम्पन्न गर्नका लागि नपुग हुने रकम थप निकासा दिने ।

१०. परराष्ट्र मन्त्रालय— सङ्घीय संरचनामा सिर्जित नयाँ पदहरूमा बहाल पदाधिकारीहरूलाई राहदानी जारी गर्ने।

११. विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— राजपत्राङ्कित प्रथम श्रेणीमा रामहरि पोखरेललाई बढुवा नियुक्ति गर्ने ।

१२. रक्षा मन्त्रालय— महासेनानी सहदेव खड्कासमेत १३ जना महासेनानीहरूको पदावधि थप गर्ने ।

१३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - राष्ट्रिय योजना आयोगको सचिवालयमा कार्यरत उपसचिव चित्राङ्गत बराल लाई उपचार खर्च रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख) मात्र थप आर्थिक सहायता दिने ।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - श्रम कार्यालय, विराटनगरमा कार्यरत सह लेखापाल गोपाल श्रेष्ठलाई उपचार खर्च रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख) मात्र थप आर्थिक सहायता दिने ।

१५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - नेपाल UPU (Univesal Postal Union) EMS (Express Mail Service) Cooperative को सदस्य भएबापत बुझाउनुपर्ने सन् २०१६ र सन् २०१७ को वार्षिक सेवा शुल्क कूल जम्मा रकम स्वीस फ्रैंक १६,७८९ (अक्षरेपि स्वीस फ्रैंक सोह्र हजार सात सय उनान्नब्बे) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिसमा महालेखा नियन्त्रक कार्यालयले भुक्तानी गर्ने ।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक डा. प्रणिता उपाध्यायले कार्यकारी निर्देशक पदबाट दिनु भएको राजीनामा स्वीकृत गर्ने ।

१७. सहरी विकास मन्त्रालय— राष्ट्रिय सभाका अध्यक्षको आवास सुविधा र निवासमा सेवा सुविधा उपलब्ध गराउने।

१८. संघीय संसदको मिति २०७४/१२/०७ को पत्रबाट अनुरोध भई आएबमोजिम संविधान सभाका पूर्व अध्यक्ष तथा व्यवस्थापिका संसदका पूर्व सभामुख श्री सुभास चन्द्र नेम्वाङ्गका लागि एक सवारी साधन, हलुका सवारी चालक र प्रचलित मापदण्डबमोजिमको इन्धन बराबरको रकम मासिक रूपमा संघीय संसद सचिवालयले उपलब्ध गराउने ।

१९. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सचिव सुरोज पोखरेलले उमेरको हदको कारणबाट मिति २०७४/१२/१६ देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

२०. महान्यायाधिवक्ता कार्यालयका नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल उमेरको हदको कारणबाट मिति २०७४/१०/२७ देखि अनिवार्य अवकाश प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

२०७४ साल चैत ७ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालय - भारत सरकारको निमन्त्रणामा फागुन ३० देखि चैत्र १, २०७४ सम्म हुने माननीय अर्थमन्त्रीको औपचारिक भारत भ्रमण स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय— आर्थिक वर्ष २०७५/७६ को विकास कार्यक्रम/आयोजनाहरू प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने आधार स्वीकृत गर्ने र नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको सीमा निर्धारण गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय— जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना सञ्चालनार्थ आयोजनाको हेडवर्क्स साइट, पावरहाउस र ट्रान्समिसन लाइनको लागि आवश्यक पर्ने सुर्खेत जिल्लास्थित जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने ।

५. गृह मन्त्रालय— बिक्रम सम्वत् २०७५ सालमा दिइने सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

६. रक्षा मन्त्रालय— Royal Thai Armed Forces का Chief of Defence Forces General Tarnchaiyan Srisuwan लाई दुवै पक्षको आपसी सहमति अनुसार तय हुने अनुकुल समयमा नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउन नेपाली सेनालाई स्वीकृति दिने ।

७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— प्रथम महिला पत्रकार सगरमाथा आरोहण, २०१८ का सदस्यलाई आर्थिक सहयोग गर्ने विषयको प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

प्रथम महिला पत्रकार सगरमाथा आरोहण, २०१८ नामक पर्वतारोहण दलको सदस्यको रूपमा विश्वको सर्वोच्च शिखर सगरमाथा २०१८ को वसन्त ऋतुमा आरोहण गर्न लागेका तपसिलबमोजिमका पत्रकारहरूलाई जनही रु. ८ लाखका दरले जम्मा रु लाख आर्थिक सहयोग प्रदान गर्ने । 40 .

क्र.सं.	नाम थर	आबद्ध संस्था
ज्ञ.	रोशा वस्नेत	राष्ट्रिय समाचार समिति
द्द.	लक्ष्मी कार्की	न्युज टेलिभिजन द्द
घ.	कल्पना महर्जन	मेघा टेलिभिजन
द्ध.	रोजिता बुद्धाचार्य	नेपाल टेलिभिजन
छ.	देउराली चाम्लिङ	स्वतन्त्र पत्रकार

८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— सहसचिव श्री गोपिकृष्ण निरौलाले निजामती सेवा ऐन, २०४९ को दफा ३७)३ (बमोजिम स्वेच्छाले सेवाबाट दिनुभएको राजिनामा स्वीकृत गर्ने ।

९. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव कमलशाली घिमरेले उमेरको हदको कारणबाट मिति २०७४।१२।१० देखि अनिवार्य अवकास प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

१०. माननीय सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्रीलाई नेपाल सरकारको प्रवक्ता तोक्ने ।

११. नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम ३१. बमोजिम देहायानुसार मन्त्रिपरिषद्का समिति गठन गर्ने ।

(क) <u>राजनैतिक समिति</u>

१.	सम्माननीय प्रधानमन्त्री	—	संयोजक
२.	माननीय रक्षामन्त्री	—	सदस्य
३.	माननीय गृहमन्त्री	—	सदस्य
४.	माननीय परराष्ट्रमन्त्री	—	सदस्य
५.	माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री	—	सदस्य
६.	माननीय श्रम, रोजगार, तथा सामाजिक सुरक्षामन्त्री	—	सदस्य
७.	माननीय कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री	—	सदस्य

(ख) <u>प्रशासन समिति</u>

१.	माननीय रक्षामन्त्री	—	संयोजक
२.	माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री	—	सदस्य
३.	माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री	—	सदस्य
४.	माननीय वन तथा वातावरणमन्त्री	—	सदस्य
५.	माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री	—	सदस्य
६.	माननीय अर्थमन्त्री	—	सदस्य
७.	माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री	—	सदस्य
८.	माननीय खानेपानीमन्त्री	—	सदस्य

(ग) <u>सामाजिक समिति</u>

१.	माननीय गृहमन्त्री	—	संयोजक
२.	माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री	—	सदस्य
३.	माननीय वन तथा वातावरणमन्त्री	—	सदस्य
४.	माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री	—	सदस्य
५.	माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री	—	सदस्य
६.	माननीय युवा तथा खेलकुदमन्त्री	—	सदस्य
७.	माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री	—	सदस्य
८.	माननीय सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री	—	सदस्य

(घ) <u>आर्थिक तथा पूर्वाधार समिति</u>

१.	माननीय अर्थमन्त्री	—	संयोजक
२.	माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री	—	सदस्य

३.	माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री	—	सदस्य
४.	माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री	—	सदस्य
५.	माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री	—	सदस्य
६.	माननीय कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री	—	सदस्य
७.	माननीय खानेपानीमन्त्री	—	सदस्य
९.	माननीय सहरी विकास मन्त्री	—	सदस्य
८.	माननीय सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री	—	सदस्य

(ङ) <u>विधेयक समिति</u>

१.	माननीय कानुन, न्याय तथा संसदीय मामिलामन्त्री	—	संयोजक
२.	माननीय परराष्ट्रमन्त्री	—	सदस्य
३.	माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री	—	सदस्य
४.	माननीय उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री	—	सदस्य
५.	माननीय श्रम, रोजगार, तथा सामाजिक सुरक्षामन्त्री	—	सदस्य
६.	माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री	—	सदस्य
७.	माननीय अर्थमन्त्री	—	सदस्य
८.	माननीय युवा तथा खेलकुदमन्त्री	—	सदस्य
९.	माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री	—	सदस्य

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।